**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल** **नेपाल नगरपालिका संघ**

**माननीय अर्थ मन्त्रीज्यू**
**अर्थ मन्त्रालय, नेपाल सरकार**

प्रस्तुत सन्दर्भमा तहाँ मन्त्रालयको च.नं. १२१ मिति २०८०।०१।१४ को पत्रले चालु आ.व. २०७९/८० मा प्रदेश र स्थानीय तहमा पठाउनु पर्ने वित्तीय समानिकरण अनुदान मध्ये अन्तिम किस्ताको हाललाई ५० प्रतिशत रकम मात्र फुकुवा भएकोमा बाँकी ५० प्रतिशत रकम फुकुवाको लागि यस संघ/महासंघ मार्फत विगतमा देहायबमोजिम पटक पटक अनुरोध गरिएतापनि हालसम्म पनि उक्त रकम निकासा फुकुवा नभएकोले देहायअनुसार पुन: ध्यानाकर्षण गर्दछौं ।

- मन्त्रिपरिषद्को मिति २०८०।०१।१२ को निर्णयलाई पुनर्विचार गरी आ.व. २०७९/८० को बजेटमा व्यवस्था गरेको रकम फुकुवा गर्न माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गरिएको । त्यसपश्चात पनि पटक पटक माननीय मन्त्रीज्यू एवं मन्त्रालयका उच्चपदस्थ अधिकारीहरुसँग छलफल भैरहेको ।
- यस विषयमा सम्माननीय प्रधानमन्त्रीज्यू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राजनीतिक दलका प्रमुख नेतृत्वहरुसँग समेत भेट गरी ध्यानाकर्षण सहित अनुरोध गरिएको । भेटका क्रममा बाँकी रकम निकासा हुनेमा विश्वस्त पारिएको ।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले मिति २०८०।०३।०४ को पत्रमार्फत संघीय संसदबाट पारित बजेटबमोजिमको रकम हस्तान्तरण गर्ने व्यवस्था गर्न निर्णय नै गरी अर्थ मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण समेत गराइसकेको छ ।

तर आर्थिक वर्षको अन्तिम महिनाको आज २० गतेसम्म पनि बाँकी रकमको निकासा फुकुवा हुन सकिरहेको छैन । आर्थिक वर्षको अन्त्यमा स्थानीय सरकारका बजेट प्रणालीमा नै गम्भीर असर पर्नेगरी समानिकरण अनुदानमा गरिएको कटौतीले आन्तरिक आय कम भएका स्थानीय सरकारहरुलाई गम्भिर असर परिरहेको छ । अन्तिममा आएर यसरी समानीकरण अनुदानमा कटौती गर्ने निर्णय वित्तीय संघीयता र संविधानको मर्म र व्यवस्था विपरीत समेत रहेको छ ।

समानिकरण अनुदान रोक्न नमिल्ने संबैधानिक एवं कानुनी बाध्यता, हामी संघ/महासंघको पटक पटकको अनुरोध, वित्त आयोगले तहाँ नेपाल सरकारमा गरेको ध्यानाकर्षण र पटक पटकको भेट तथा छलफलमा आश्वासन पाइरहँदा समेत हालसम्म उक्त रकम निकासा नहुँदा नेपाल सरकार कतै उल्लिखित संबैधानिक तथा कानुनी बाध्यता र यस अघि गरिएका प्रतिबद्धताबाट पछि हट्न त खोजिरहेको छैन ? भन्ने गम्भिर आशंका सबै स्थानीय सरकारहरुमा परिरहेको छ ।

**तसर्थ, निकासा फुकुवा हुन बाँकी रकम तत्कालै (खर्च गर्न पाउँने समयसीमा असार २३ गतेसम्म मात्र भएकोले) फुकुवा गर्न माननीय अर्थ मन्त्रीज्यू मार्फत नेपाल सरकारसमक्ष अनुरोध सहित गम्भिर ध्यानाकर्षण गर्दछौं । अन्यथा ७ सय ५३ नै स्थानीय सरकारहरु नेपाल सरकारको संघीयता विरोधी गतिविधिको बिरुद्ध चरणबद्ध आन्दोलनका गतिविधि गर्नसमेत बाध्य हुने व्यहोरा समयमै अवगत गराउँदछौं ।**

**लक्ष्मीदेवी पाण्डे**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

**मितिः २०८०।०३।२०**

**भिमप्रसाद ढुङ्गाना**
अध्यक्ष
नेपाल नगरपालिका संघ

**अवगतार्थ**

**सम्माननीय प्रधानमन्त्रीज्यू**, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार

**माननीय अध्यक्षज्यू**, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरवार काठमाडौं